# सहिद स्मृति भत्ता वितरण निर्देशिका, २०७९

**प्रस्तावनाः** कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएका आन्दोलनका सहिद वा बेपत्ता परिवारका हकवालालाई सहिद स्मृति भत्ता वितरण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सहिद स्मृति भत्ता वितरण निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "जनआन्दोलन" भन्नाले सम्वत् २०६२/०६३ सालको जनआन्दोलन सम्झनु पर्छ।

(ख) "जनयुद्ध" भन्नाले सम्वत् २०५२ साल फागुन १ गते देखि सम्वत् २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ।

(ग) "प्रदेश स्थापनाको लागि भएको आन्दोलन" भन्नाले सम्वत् २०७२ सालमा कर्णाली प्रदेश प्राप्तिको लागि भएको आन्दोलन सम्झनु पर्छ।

(घ) "बैङ्क" भन्नाले नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त 'क' वर्गको बैङ्कलाई सम्झनु पर्छ।

(ङ) "भत्ता" भन्नाले जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाको लागि भएको आन्दोलनका क्रममा भएका सहिद वा बेपत्ता पारिएका व्यक्तिका हकवालालाई प्रदान गरिने सहिद स्मृति भत्ता सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले सहिद वा बेपत्ता व्यक्तिको स्थायी ठेगाना भएको गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(ज) "सहिद वा वेपत्ता व्यक्ति" भन्नाले जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाको लागि भएको आन्दोलनका क्रममा साहदत प्राप्त (मृत्युवरण) गरेका वा वेपत्ता पारिएका व्यक्ति सम्झनु पर्छ।

(झ) "हकवाला" भन्नाले शहिद वा बेपत्ता पारिएका व्यक्तिका पती वा पत्नी, निज नभए निजका छोरा वा अविवाहिता छोरी र निज पनि नभए निजका आमा वा बावु सम्झनु पर्छ।

३. **भत्ता प्राप्त गर्नेः** (१) कर्णाली प्रदेशमा स्थायी बसोबास भई जनयुद्ध, जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका क्रममा सहिद वा बेपत्ता पारिएका व्यक्तिका हकवालाले यस निर्देशिका बमोजिमको भत्ता प्राप्त गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको भत्ता स्थानीय तह मार्फत उपलब्ध गराइनेछ।

सचिव प्रमुख सचिव

४. **सहिद वा बेपत्ता व्यक्तिको पहिचानः** (१) यस निर्देशिका बमोजिम भत्ता वितरण गर्ने प्रयोजनका लागि मन्त्रालयले नेपाल सरकार, गृह मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयबाट सहिद वा वेपत्ता भएका व्यक्ति र निजको हकवालाको विवरण माग गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा मन्त्रालयले जिल्लागत नामावली सहितको विद्युत्तीय कपी सम्बन्धित जिल्लाको स्थानीय तहमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विवरण प्राप्त भए पश्चात सम्बन्धित स्थानीय तहले आफ्नो स्थानीय तहभित्रका सहिद वा वेपत्ता भएका व्यक्तिको हकवाला बसाइसराई गरी गए नगएको, मृत्यु भए नभएको समेत जाँचबुझ गरी विवरण तयार गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम तयार भएको विवरणका आधारमा सम्बन्धित स्थानीय तहले दफा ५ बमोजिम निवेदन दिनको लागि नामावली सहितको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

५. **निवेदन दिनुपर्नेः** (१) भत्ता वापतको रकम प्राप्त गर्न दफा ४ को उपदफा (४) बमोजिम प्रकाशन भएको सूचनामा नाम समावेश भएका सहिद वा वेपत्ता भएका व्यक्तिको हकवालाले अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा निवदेन दिनुपर्नेछ।

(२) स्थानीय तहले गृह मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराइएको विवरणमा नाम समावेश भएका सहिद वा वेपत्ता भएका व्यक्तिको हकवालाको मात्र उपदफा (१) बमोजिम निवेदन संकलन गर्नुपर्नेछ।

६. **विवरण पठाउनुपर्नेः** दफा ५ बमोजिम प्राप्त भएको निवेदनको आधारमा स्थानीय तहले विवरण तयार गरी अनुसूची-२ बमोजिको ढाँचामा मन्त्रालयमा पठाउनुपर्नेछ।

७. **रकम उपलब्ध गराउनेः** दफा ६ बमोजिमको विवरण प्राप्त भएपछि मन्त्रालयले सहिद वा वेपत्ता व्यक्तिको हकवालालाई सम्वत् २०७९ साल श्रावण १ गते देखिनै प्रतिव्यक्ति मासिक दुई हजार रुपैयाँका दरले भत्ता वितरण गर्ने गरी सम्बन्धित स्थानीय तहमा रकम उपलब्ध गराउनेछ।

८. **भत्ता वितरण गर्नुपर्नेः** (१) स्थानीय तहले दफा ७ बमोजिम प्राप्त रकम सहिद वा वेपत्ता व्यक्तिको हकवालाले उपलब्ध गराएको बैंङ्क खातामा जम्मा गरिदिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भत्ता उपलब्ध गराउँदा स्थानीय तहले मासिक वा चौमासिक रुपमा उपलब्ध गराउन सक्नेछ।

(३) यस निर्देशिका बमोजिम भत्ता वापत उपलब्ध गराइएको रकम खर्च हुन नसकी बाँकी रहेमा प्रचलित कानून बमोजिम असार मसान्तभित्र सम्बन्धित स्थानीय तहले मन्त्रालयमा फिर्ता गर्नुपर्नेछ।

९. **प्रतिवेदन पठाउनु पर्नेः** स्थानीय तहले उपलब्ध गराएको भत्ताको विवरण सहितको प्रतिवेदन असार मसान्तभित्र अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

१०. **अन्य प्रयोजनमा खर्च गर्न नहुनेः** दफा ७ बमोजिम उपलब्ध गराइएको भत्ता वापतको रकम निर्देशिका विपरित अन्य कुनै पनि प्रयोजनको लागि खर्च गर्न पाइने छैन।

११. **विवरण अद्यावधिक गर्नेः** नेपाल सरकारले विभिन्न समयमा अद्यावधिक गरेका सहिद वा वेपत्ता पारिएका व्यक्तिको विवरणलाई आधार मानी मन्त्रालयले त्यस्तो विवरण अद्यावधिक गर्दै जानेछ।

१२. **अनुगमन गर्न सक्नेः** भत्ता वितरणको कार्य प्रभावकारी भए नभएको सम्बन्धमा आवश्यकता अनुसार स्थानीय तहको अनुगमन समिति वा मन्त्रालयले अनुगमन गर्न सक्नेछ।

कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सचिव

प्रमुख सचिव

१३. <u>लेखा तथा लेखापरीक्षणः</u> स्थानीय तहले वितरण गरेको भत्ता खर्च निकासाको लेखा प्रचलित कानून बमोजिम राखी लेखापरीक्षण गराएर सोको एकप्रति मन्त्रालययमा पठाउनु पर्नेछ।

१४. <u>बाधा अड्काउ फुकाउः</u> यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१५. <u>अनुसूची संशोधन, हेरफेर वा थपघट गर्न सक्नेः</u> मन्त्रालयले आवश्यकता अनुसार अनुसूची संशोधन, हेरफेर वा थपघट गर्न सक्नेछ।

१६. <u>खारेजी र बचाउः</u> (१) सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०७८ खारेज गरिएको छ।

(२) सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०७८ बमोजिम भए गरेका कार्य यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सचिव

प्रमुख सचिव

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, नेपाल

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

सहिद स्मृति भत्ता प्राप्तिका लागि दिइने निवेदनको ढाँचा

मितिः २०...... /.... /...

श्रीमान प्रमुख/अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृतज्यू

.................................न.पा./गा.पा., ................ जिल्ला

विषयः सहिद स्मृती भत्ता उपलब्ध गराई पाउँ।

म निवेदक जनआन्दोलन/जनयुद्ध/प्रदेश प्राप्तिको आन्दोलनको सहिद तथा वेपत्ता पारिएका व्यक्तिको परिवारको नजिकको हकवाला सदस्य भएको हुँदा "सहिद तथा बेपत्ता पारिएका परिवारका हकवालालाई सहिद स्मृति भत्ता वितरण निर्देशिका, २०७९" बमोजिम ...................................... नगरपालिका/गाउँपालिकाले मिति ...................................... मा प्रकाशित गरेको सूचनामा हकवालाको रुपमा मेरो नाम समावेश भएकोले निर्देशिका बमोजिमको भत्ता उपलब्ध गराई दिनहुन देहायका कागजात संलग्न राखी यो निवेदन पेश गरेको/गरेकी छु।

<u>संलग्न कागजात</u>

१) हकवालाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

२) हकवाला प्रमाणित कागजपत्र

३) बैंक खाता नम्बर खुल्ने कागजात

<u>निवेदकको</u>

दस्तखतः

नाम थरः

ठेगानाः

बाजेको नामः

बाबुको नामः

आमाको नामः

फोन नं.

सचिव

प्रमुख सचिव

अनुसूची-२

(दफा ६ सँग सम्बन्धित)

**मन्त्रालयमा पठाउनु पर्ने विवरणको ढाँचा**

मितिः २०...... /.... /...

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत ।

**विषयः सहिद तथा बेपत्ता पारिएको व्यक्तिको विवरण अद्यावधिक गरी पठाइएको सम्बन्धमा ।**

सहिद तथा बेपत्ता पारिएका परिवारका हकवालालाई सहिद स्मृति भत्ता वितरण निर्देशिका, २०७९ बमोजिम सहिद स्मृति भत्ता उपलब्ध गराउनका लागि तहाँ मन्त्रालयबाट प्राप्त सहिद तथा वेपत्ता पारिएका व्यक्ति र हकवालाको सम्बन्धमा मिति ............. गते सार्वजनिक गरिएको सूचनामा समावेश भएका यस..................... गा.पा/न.पा. मा रहेका सहिद तथा बेपत्ता पारिएका व्यक्ति र हकवालाको अद्यावधिक विवरण तपशील बमोजिम पठाईएको व्यहोरा अनुरोध छ।

**सहिद तथा बेपत्ता व्यक्तिको विवरण**

| क. सं. | सहिद तथा बेपत्ता पारिएको व्यक्तिको नाम, थर र ठेगाना | भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण | | | | | | बैंकको नाम र खाता नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्मृति भत्ता प्राप्त गर्ने हकवालाको नाम र ठेगाना | सहिद तथा बेपता पारिएका व्यक्तिसँगको नजिकको हकवाला खुल्ने नाता प्रमाण भए वा नभएको | हकवालाको नेपाली नागरिकताको प्रमाणपत्र नं. जारी मिति र जिल्ला | बाजेको नाम | बाबु को नाम | आमाको नाम | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोटः मन्त्रालयबाट प्राप्त विवरण अनुसार बसाई सरी गएका वा हकवाला नभएका व्यक्तिको नामावली कैफियत महलमा स्पष्ट रुपले खुलाई उल्लेख गर्नुपर्नेछ

कार्यालय प्रमुखको नामः

दस्तखतः

सचिव

प्रमुख सचिव

अनुसूची-३
(दफा ९ सँग सम्बन्धित)

<u>भत्ता वितरणको प्रतिवेदन मन्त्रालयमा पठाउने ढाँचा</u>

मितिः २०...... /.... /...

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत।

विषयः प्रतिवेदन पठाइएको सम्बन्धमा ।

सहिद बेपत्ता परिवारका सदस्यलाई सहिद स्मृति भत्ता वितरण निर्देशिका, २०७९ बमोजिम वितरण गरिएको सहिद स्मृत्ति भत्ताको विवरण तपसील बमोजिम पठाइएको व्यहोरा अनुरोध छ।

**सहिद सम्मृत्ति भत्ता वितरणको विवरण**

| क्र. सं. | सहिद वा बेपत्ता व्यक्तिको नाम, थर र ठेगाना | भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण | | | | | | स्मृति भत्ता जम्मा भएको रकम | बैंकको नाम र खाता नं. | रकम जम्मा गरिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्मृति भत्ता प्राप्त गर्ने हकवालाको नाम र ठेगाना | नेपाली नागरिकताको प्रमाणपत्र नं. जारी मिति र जिल्ला | बाजेको नाम | बाबुको नाम | आमा को नाम | सहिद वा बेपता व्यक्तसँग कोनाता | | | | |
| १ | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तँहा मन्त्रालयबाट प्राप्त भएको रु. ................................... मध्ये निर्देशिका बमोजिम जम्मा रु ................. खर्च भै रु......................... बाँकी रहेको व्यहोरा जानकारी गर्दछु।
(असार मसान्त भित्र खर्च नभई बाँकी रहेको रकम दफा ८ को उपदफा (३) बमोजिम मन्त्रालयमा फिर्ता गर्नुपर्नेछ।)

कार्यालय प्रमुखः
नामः
पदः

सचिव

प्रमुख सचिव